छलफल गरी प्राविधिक परामर्श लिई सम्वन्धित निकायले अनुमति दिएमा मात्र फरक कार्य गर्ने ।

१०) सम्झौतामा निर्दिष्ट गरीएको कार्यान्वयन अवधिभित्र कार्य सम्पन्न गरिसक्ने ।

११) आयोजना विस्तारको पहल गर्ने ।

१२) योजनाबाट प्राप्त हुने प्रतिफल बाँडफाँड गर्ने र दीगो व्यवस्थापनका लागि सेवा शुल्क निर्धारण गरी असुल गर्ने ।

१३) मर्मत सम्भारको लागि चाहिने आवश्यक व्यवस्थापन गर्ने ।

१४) उपभोक्ता समितिवाट जनसहभागिताको कार्य गरिसकेपछि सम्बन्धित निकायसंग कामको प्रगतिको अनुपात रकम माग गर्दा देहायका कुराहरु संलग्न गर्ने :

क) उपभोक्ता समितिको बैठक वसी कामको प्रगतिको आधारमा रकम माग गरेको निर्णय ।

ख) प्राविधिक मुल्याङ्कन

ग) समितिको तर्फवाट रकम माग गरेको निवेदन /पत्र

घ) उपभोक्ता समितिका अध्यक्षबाट प्रमाणित भएको यथार्थ खर्चको विवरण सहितको फाँटवारी ।

ङ) ज्यामी र मिस्त्री लगाईएको कार्यको हकमा डोर हाजिरी फाराम ।

१५) रु. ५ लाख भन्दा माथिको योजनाको सम्वन्धमा सवैले देख्ने गरी आयोजना/कार्यक्रम स्थलमा उपभोक्ता समितिले अनुसुचि १ को नमुना बमोजिम आयोजना सूचना पाटी (होडिङ्ग बोर्ड) राख्नुपर्नेछ ।

१६) उपभोक्ता समितिले जिम्मामा लिएको योजना सञ्चालन ठेक्कामार्फत गराउन पाइने छैन । यदि ठेक्का लगाएको थाहा भएमा गाँउपालिका रकम भुक्तानी दिन वाध्य हुने छैन ।

१७) कुनै उपभोक्ता समितिले योजना फरफारक नगराएको वा काम सन्तोषजनक नगराएको खण्डमा त्यस्ता उपभोक्ता समितिसंग भविष्यमा गाँउपालिकाले कुनै पनि सम्झौता नगर्ने निर्णय गर्न सक्ने छ ।

१८) उपभोक्ता समितिले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को को नियम १५५ र १५६ बमोजिमको प्रावधानहरु पुर्णरुपले पालना गर्नुपर्नेछ ।

## ९) लागत सहभागिता जुटाउने सम्वन्धी व्यवस्था

उपभोक्ता समितिबाट सञ्चालन हुने योजनामा उपभोक्ताले कम्तीमा देहाय बमोजिमको अंशदान एवं लागत सहभागिता व्यहोर्नुपर्नेछ ।

१) संरचना निर्माण कार्यमा - जस्तै पिच, नाली, भवन, टेवा पर्खाल, कल्भर्ट, विद्युतीकरणसंग सम्बन्धित आयोजनामा लागत अनुमानको अंकको कम्तीमा १५% वरावरको कार्य उपभोक्ता समितिले व्यहोर्नुपर्नेछ ।

२) संरचना निर्माण वाहेकको काममा लागत अनुमान अंकको कम्तीमा २५% रकम वरावरको कार्य उपभोक्ता समितिले व्यहोर्नु पर्ने छ ।

तर, उपरोक्त बुदा नं. १ र २ मा जेसुकै लेखिएको भएतापनि उल्लेखित प्रतिशत भन्दा वढि जनसहभागिता जुटाउन वाधा पर्ने छैन । सो भन्दा बढी सहभागिता जुटाउनु पर्ने गरी गाँउपालिकाबाट कार्यक्रम स्वीकृत भएकोमा सोही अनुसार गर्नुपर्ने छ ।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष